# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १६ गते २०३५ साल


श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ को सरकार, नेपाल र भारत सरकारका बीच देवीघाट जल विद्युत् आयोजनाको निर्माण सम्बन्धमा भएको सम्झौताको अंग्रेजी र नेपाली प्रति सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री ५ को सरकार, नेपाल र भारत सरकारका
बीच
देवीघाट जल विद्युत् आयोजनाको निर्माण सम्बन्धमा भएको

सम्झौता

प्रस्तावना

श्री ५ को सरकार, नेपाल र गणतन्त्र भारत सरकारले;

श्री ५ को सरकारसंग भएको एक सम्झौताअन्तर्गत भारत सरकारद्वारा निर्मित त्रिशुली जल विद्युत् आयोजनामा प्रयोग भैसकेपछि निस्केको (टेलरेस) पानीलाई देवीघाटमा उपयोग गरी देशको जल विद्युत् क्षमताको विकास गर्न श्री ५ को सरकारको इच्छालाई ध्यानमा राखेर;

तथा श्री ५ को सरकारलाई यो उद्देश्य पूरा गर्न सहयोग गर्न भारत सरकारको इच्छालाई दृष्टिगत गरी

देवीघाट जल विद्युत् आयोजना (यसपछि "आयोजना" भनिएको) सम्बन्धमा यो सम्झौता गरेका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–१

आयोजनाको आधारभूत विशेषताहरूमा निम्नलिखित कुराहरू समावेश हुनेछन्:–

(१) वर्तमान त्रिशुली विद्युत् केन्द्रबाट प्रयोग भै निस्केको पानी बारपार एउटा क्रश रेगुलेटर तथा जल प्रवेश–संरचना (इन्टेक स्ट्रक्चर);

(२) प्रयोग भई निस्केको पानीलाई त्रिशुली विद्युत् केन्द्रको जल प्रवेश-संरचना-देखि पोखरी (फोरबे) सम्म लैजाने जल परिचालन प्रणाली;

(३) पानीलाई पोखरीदेखि विद्युत् केन्द्रसम्म पुऱ्याउन तीन (३) पाइपहरू;

(४) प्रति यूनिट ४७०० कि. वा. का तीन (३) यूनिटहरू स्थापना गर्न एउटा विद्युत् केन्द्रको निर्माण र प्रयोग भै निस्केको पानीलाई कुलोद्वारा त्रिशुली नदीसम्म पुऱ्याउने; र

(५) आयोजनादेखि सबभन्दा नजिकको विद्युत् प्रणाली (ग्रीड) केन्द्रसम्म विद्युत् पुऱ्याउन एक संबद्ध प्रसारण पद्धति ।

धारा–२

भारत सरकार, यस सम्झौताको व्यवस्थाहरूको अनुरुप आफ्नो तोकिएको संस्थाद्वारा आयोजना कार्यान्वयन गर्न र सो प्रयोजनको लागि आवश्यक रकम अनुदानस्वरुप भारतीय मुद्रामा उपलब्ध गराउन मञ्जूर गर्दछ ।

धारा–३

नेपालको बढ्दो विद्युत्को आवश्यकतालाई दृष्टिगत गरी आयोजनाको तदारूखताका साथ कार्यान्वयन र पूरा गरी सञ्चालन गर्नको लागि दुवै सरकारले प्रयास गर्नेछन् । आयोजना शीघ्र तथा मितव्ययीरुपबाट कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी श्री ५ को सरकार, नेपालले देहायबमोजिम गर्न मञ्जूर गर्दछ:–

(१) श्री ५ को सरकार, नेपालले यथाशीघ्र यस आयोजना र सोसंग सम्बन्धित अन्य प्रयोजनहरू जस्तै सडक आदिको लागि चाहिने जग्गा निःशुल्क र बिना कुनै अवरोध उपलब्ध गराउनेछ र साथै आवश्यकता अनुसार बाटो उपयोग गर्ने अधिकार पनि प्रदान गर्नेछ । श्री ५ को सरकारले रोयल्टी तथा सबै प्रकारको दस्तूर कर एवं अन्य महसूलहरू नलिई पायक पर्ने वितरण केन्द्र-हरूबाट टिम्बर तथा काठ उपलब्ध गराउनेछ । आयोजनाको लागि चाहिने निर्माण सामग्री जस्तै बालुवा, ढुङ्गा, चून ढुङ्गा आदि वस्तुहरू आयोजना स्थलबाट पायक पर्ने उपयुक्त खानीबाट रोयल्टी तथा सबै प्रकारको कर दस्तूर एवं अन्य महसूलहरू छूट दिई झिक्न दिइनेछ ।

(२) आयोजनाको लागि आवश्यक पर्ने मेशीनरी, मालसामान, सञ्चय सामग्री (स्टोर्स), उपकरण तथा सवारीका साधनहरू भारतमा सजिलै उपलब्ध


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन नसकेमा सो खरीद गर्न श्री ५ को सरकारले भारत सरकारबाट स्वीकार गरिएको भारतीय मुद्रा लिई परिवर्त्य मुद्राको सट्टही सुविधा प्रदान गर्नेछ ।

(३) माथि दफा (१) को सन्दर्भमा उठेको दावी एवं विवादहरू सुल्झाउने र क्षतिपूर्ति गर्नुपर्ने कुनै भए सो गर्ने श्री ५ को सरकारको अभिभारा हुनेछ । यस्तो किसिमको दावी तथा विवादहरू बापत दिनुपर्ने भुक्तानी भारत सरकारबाट प्रदान गरिने आर्थिक सहायताको रकमबाट व्यहोरिने छैन ।

(४) त्रिशुली आयोजनाको लागि निर्मित आवास गृह, पाहुनाघर, फिल्ड होस्टेल, अस्पताल, कार्यशाला भवन आदि र अन्य सुविधा श्री ५ को सरकारले यस आयोजनाको लागि निःशुल्क उपलब्ध गराउनेछ । निर्माणको लागि करीब २ मेगावाट विद्युत् शक्ति आवश्यक मात्रामा खानेपानी र टेलिफोन आदिको सुविधा यस आयोजनाका लागि श्री ५ को सरकारले निःशुल्क उपलब्ध गराउनेछ ।

(५) विद्युत् प्रणाली केन्द्रबाट विद्युत् शक्ति प्रसारण गर्न श्री ५ को सरकारले विद्युत् वितरण प्रणालीको आवश्यक व्यवस्था गर्नेछ । विद्युत् वितरण प्रणाली पूरा गर्ने कार्य आयोजनाअन्तर्गत स्थापना गरिने यूनिटहरूको विद्युत् उत्पादन गर्ने तालिकासंग मेल खाने गरी हुनेछ ।

(६) आयोजना कार्यान्वयनको लागि चाहिने आवश्यक वस्तु, सामान, उपकरण, मेशीनरी, यातायात, सवारी साधन आदिका सम्बन्धमा श्री ५ को सरकारले निम्न सुविधाहरूको व्यवस्था गर्नेछः--

(१) नेपालभित्र छिटो प्रवेश गर्न सक्ने वा नेपालबाट छिटो बाहिर जान सक्ने ।

(२) नेपालको सिमानामा र नेपालभित्र पनि एक ठाउँबाट अर्को ठाउँमा ल्याउँदा लैजाँदा सबै प्रकारको भन्सार,कर,तथा दस्तूरबाट छूट दिने । आयोजनाको लागि वस्तु, सामान, उपकरण, मेशीनरी आदिको स्थानान्तरणको लागि आयोजनाका अधिकृतहरू वा तिनीहरूका एजेण्टहरू वा ठेकेदारहरूले भाडामा ल्याउने सवारी साधनहरूमा समेत यी सुविधाहरू प्रदान गरिने छन् ।

(३) आयोजनाका लागि यी वस्तुहरू आवश्यक नभएपछि यस सम्झौताको धारा ७ मा उल्लेख गरे अनुसार उक्त वस्तुहरूको लागि अन्यथा भुक्तानी गरिएकोमा बाहेक, यी वस्तुहरू कुनै बाधा वा रूकावट विना सबै प्रकारका भन्सार, कर, वा दस्तूर छूट दिई भारतमा फिर्ता लग्न दिइनेछ ।

(७) (क) आयोजना वा यसको एजेण्टहरू वा ठेकेदारहरूले नियुक्त गरेका कर्मचारी आयोजनाको कार्यान्वयनको सिलसिलामा आफ्नो पदको हैसियतले गरेको सम्पूर्ण कार्यहरूको लागि कानूनी कारवाईबाट मुक्त

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनेछन् र आयोजनासम्बन्धी सबै कागजात र प्रलेख अनीतिक्रम्य हुनेछ ।

(ख) आयोजना वा यसको एजेण्टहरू वा ठेकेदारहरूले नियुक्त गरेका कुनै पनि भारतीय नागरिक वा भारतीय फर्मलाई श्री ५ को सरकार, नेपालले कुनै कर लगाउने छैन ।

(ग) आयोजनाबाट नियुक्त गरिएका सबै भारतीय अधिकारीहरूको ग्राहस्थ्य प्रयोगको लागि ल्याइने सामानहरू र निजी प्रयोगका लागि ल्याइने सवारीका साधनहरूमाथि श्री ५ को सरकार, नेपालले लाइसेन्स शुल्क छूट दिनुकासाथै भन्सार, कर र सबै प्रकारका दस्तूर-बाट छूट दिनेछ ।

(घ) आयोजनासंग सम्बन्धित सबै ठेक्कामा श्री ५ को सरकारले ठेक्काकर छूट दिनेछ ।

(ङ) आयोजनाको भारतीय ठेकेदारहरूले आवश्यक मात्रामा भारतीय मुद्रा नेपाल ल्याउन पाउने छन् र निजहरूले आफ्नो कार्य सम्पादनको लागि त्यस्तो मुद्रालाई नेपालभित्र कानूनी तवरले मान्य सट्टही काउण्टरबाट नेपाली मुद्रामा सट्टही गर्नु पर्नेछ । तिनीहरूसंग बाँकी भएको नेपाली मुद्रा नेपाल राष्ट्र बैङ्कले भारतीय मुद्रामा सट्टही गरी स्वदेश फिर्ता लग्न अनुमति दिनेछ ।

(१०) आयोजनासम्बन्धी कार्य सम्पादन गर्नको लागि आयोजनाका अधिकृतहरू, तिनीहरूको एजेण्टहरू एवं ठेकेदारहरूलाई आवश्यक लाइसेन्सहरू, परमीटहरू र यस्तै अन्य अनुमतिपत्रहरू शीघ्र दिलाउन श्री ५ को सरकारले व्यवस्था गर्नेछ ।

(११) आयोजनाका कर्मचारीहरू लगायत ठेकेदारहरू, तिनीहरूको परिवार र तिनका निजी मालसामानका साथ साथै अन्य सामग्री तथा उपकरणहरू नेपालको विभिन्न स्थानमा रहँदा र परिवहनमा रहँदा समेत आवश्यक सुरक्षाको व्यवस्था श्री ५ को सरकारले मिलाउनेछ ।

धारा–४

निर्माण कार्य सक्रियरुपले शुरु भएको मितिबाट करीब ५ वर्षभित्र यो आयोजना पूरा गराउन भारत सरकारले प्रयत्न गर्नेछ । विद्युत् केन्द्रको तेस्रो यूनिटले उत्पादन शुरु गरेको ६ महीनाभित्र यो आयोजना श्री ५ को सरकारले लिनेछ । उत्पादन शुरु हुने मितिको सूचना श्री ५ को सरकार, नेपाललाई समयमै जानकारी दिइनेछ ।

धारा–५

भारतीय सहयोग मिशन, काठमाडौंले श्री ५ को सरकार, नेपालसंग आवश्यक सम्पर्क राख्नेछ र आयोजनाको हरेक त्रैमासिक कार्यप्रगति र खर्चको विवरण श्री ५ को सरकारलाई उपलब्ध गराउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–६

आयोजनाको प्रगति पुनरावलोकन गर्न र आयोजनाको कार्यान्वयनमा बाधा अड्चन आइपरेमा सो हटाउन एक पुनरावलोकन समिति रहनेछ । यस समितिमा दुवै सरकारहरूका तर्फबाट एक एक जना प्रतिनिधि र भारतीय सहयोग मिशनका निर्देशक रहनेछन् । चीफ प्रोजेक्ट एक्जेक्यूटिभ यस समितिको सदस्य-सचिव हुनेछ ।

श्री ५ को सरकारलाई प्राप्त गराइएको पदहरूमा श्री ५ को सरकारले नेपालको तर्फबाट खटाइने कर्मचारीहरूको नियुक्तिको सम्बन्धमा भारत सरकारले आवश्यक कारवाई गर्नेछ । तर त्यस्ता कर्मचारीहरूको योग्यता, तालीम तथा अनुभव समुचित मात्रामा हुनु पर्नेछ । श्री ५ को सरकारबाट खटिएका प्राविधिक कर्मचारीहरूको लागि श्री ५ को सरकारले खर्च व्यहोरिने गरी तालीमको व्यवस्था गर्न पनि भारत सरकार स्वीकार गर्दछ ।

धारा–७

आयोजनाको लागि खरीद गरिएको कुनै पनि वस्तु, सामग्री वा उपकरण, मेशीनरी, सवारीका साधनहरू आदि आयोजनाको लागि आवश्यक नभएमा तिनीहरू भारत फिर्ता लान वा कुनै बाधा अड्चन बिना नेपालमा बिक्री गर्न पाउने अनुमति भारत सरकारलाई दिइनेछ र त्यस्ता वस्तु, सामग्री, उपकरण, मेशीनरी र सवारीका साधनहरूमाथि श्री ५ को सरकारले सबै प्रकारका कर दस्तूरहरू छूट दिनेछ । यदि श्री ५ को सरकारले आफ्नो प्रयोगको लागि त्यस्ता वस्तुहरू लिन चाहेमा ती वस्तुहरू पारस्परिक मान्य शर्तहरूमा हस्तान्तरण गर्न सकिनेछ । आयोजनाबाट बेचिएका वा श्री ५ को सरकारलाई हस्तान्तरण गरिएका त्यस्ता वस्तुहरूको बिक्री बापतको रकम वा ह्रास मूल्य आयोजनाको खातामा जोडिनेछ ।

धारा–८

यो आयोजनाको सिलसिलामा गरिएको कृयाकलापबाट कुनै कानूनी कारवाई हुन गएमा नेपालभित्र बचाउको लागि श्री ५ को सरकारले पूर्ण जिम्मेवारी लिनेछ र आयोजनाको सञ्चालनबाट भएको सम्पत्तिको फाइदा वा सबै अनुदानहरू, अधिकार वा कुनै अन्य कानूनी कारवाई वा समाह्वानबाट मुक्त गराउनेछ ।

धारा–९

यस सम्झौता हुनुअगाडि आयोजना कार्यान्वयनको लागि भारत सरकारबाट व्यहोरिएको खर्च यस सम्झौताअन्तर्गत प्राप्त हुने कुल अनुदान रकमबाट घटाइनेछ ।

यसका प्रमाणस्वरुप आफ्नो सरकारकोतर्फबाट अख्तियार प्रदत्त हामी निम्न हस्ताक्षरकारीहरूले यो सम्झौता हस्ताक्षर गरयौं ।

काठमाडौंमा २०३५ साल जेष्ठ २६ गतेका दिनमा नेपाली, हिन्दी र अंग्रेजी भाषाका प्रत्येक दुई दुई प्रति सम्झौतामा हस्ताक्षर भयो र व्याख्यामा शंका उठेमा अंग्रेजी प्रति मान्य हुनेछ ।

श्री ५ को सरकारको तर्फबाट
(देवेन्द्रराज पाण्डे)
का. मु. सचिव
अर्थ मन्त्रालय

भारत सरकारको तर्फबाट
(एन्. वी. मेनन)
भारत सरकारको नेपालको लागि
राजदूत र भारतीय राष्ट्रपतिको
तर्फबाट

323
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# AGREEMENT BETWEEN HIS MAJESTY'S GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF INDIA CONCERNING THE CONSTRUCTION OF DEVIGHAT HYDRO-ELECTRIC PROJECT

## PREAMBLE

The Government of the Republic of India and His Majesty's Government of Nepal (HMG);

Considering the desire of His Majesty's Government of Nepal develop the hydro-electric potential in their country by utilizing at Devighat the tailrace discharge of the Trishuli Hydro-electric Project constructed by the Government of India under an agreement with His Majesty's Government;

And taking note of the willingness of the Government of India to co-operate with His Majesty's Government of Nepal to attain this objective;

Have entered into this Agreement regarding the Devighat Hydro-electric Project (hereinafter called the 'Project').

## ARTICLE I

The basic features of the Project include the following:

(i) a cross regulator across the tailrace of the existing Trishuli Power Station and an intake structure;

(ii) a water conductor system to convey the tailrace discharges from the Trishuli Power Station intake to forebay;

(iii) three (3) penstocks leading the waters from the forebay to the power house;

(iv) a power house to house three (3) units of 4700 KW each discharging back into the Trishuli river through a tailrace channel and

(v) an associated transmission system to feed the power from the Project into the nearest grid point.

## ARTICLE II

The Government of India agree to execute the Project through its agency designated for the purpose and to provide the requisite funds in Indian Currency as grant for the purpose in conformity with the provisions of this Agreement.

## ARTICLE III

In view of Nepal's growing power requirements the two Governments shall make efforts to expedite the execution and commissioning of

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

the Project. Keeping in mind the necessity of expeditious and economical execution of the Project, His Majesty's Government of Nepal agree to the following:–

1. HMG Nepal shall make available, at the earliest, the necessary land for the Project and ancillary purposes like roads etc. free of cost and of all encumbrances, and provide right of way wherever needed. Timber and wood shall be made available by HMG at conveniently located supply points free of royalty and all duties, taxes and other levies. Other building materials required for the Project, such as sand, stone, limestone etc. shall be allowed to be quarried from suitable quarrie within easy reach of the Project site and shall be free of royalty and all duties, taxes and other levies.
2. His Majesty's Government of Nepal will provide foreign exchange needed for the purchase of machineries, materials, stores, equipment and vehicles for the Project not readily available in India against allotments made in Indian currency by the Government of India.
3. The payment of compensation, if any, and settlement of claims and disputes arising from clause 1 above shall be the responsibility of HMG Nepal. The financial assistance to be provided by the Government of India shall not include any payments made in respect of such claims and disputes.
4. HMG shall make available for the Project, free of cost, all necessary facilities of accommodation, guest house, field hostel, hospital, workshop and other facilities constructed for the Trishuli Project. Construction power of about 2 MW, adequate water supply and telephone facilities etc. shall be made available free of cost to the Project by HMG Nepal.
5. HMG shall take necessary steps for the development of power distribution system for evacuation of electricity from the grid point. The completion schedule for the power distribution system shall be such as to match with the commissioning programme of the units.
6. HMG Nepal shall provide undermentioned facilities in respect of goods, materials, equipment, machinery, transport, vehicles etc. which are required for the execution of the Project:

(i) Expeditious entry into Nepal or exit from Nepal.

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

(ii) Exemption from payment of all customs duties, taxes, cesses and levies of any kind whether at the border or on movement within Nepal. This exemption shall also apply in respect of vehicles hired by the Project authorities or their agents or contractors for movement of goods, materials equipment, machinery etc. for the Project.

(iii) Further, when these items are no longer needed for the Project, unless they have been otherwise paid for as mentioned in Article VII, they shall be allowed to be taken back to India without let or hindrance and shall be exempt from payment of all customs duties, taxes, cesses and levies of any kind.

7(a) Personnel employed by the Project or by its agents or by its contractors shall be immune from legal process in respect of all acts performed by them in their official capacity in the execution of the Project and enjoy inviolability for all papers and documents relating to the Project.

(b) HMG Nepal shall not levy any tax on any Indian national or Indian firm employed by the Project and its agents and contractors.

(c) HMG Nepal shall exempt from licensing fees and from payment of customs duties, taxes, cesses and levies of any kind, goods for household use and personal means of transport for use of all Indian personnel employed by the Project.

8. HMG shall exempt from payment of Contract Tax all contracts connected with the Project.

9. Contractors of the Project from India shall be free to import any amount of Indian currency that may be deemed necessary but shall convert it into Nepalese currency at legally recognised exchange counters for transactions inside Nepal for the execution of their work. They shall be allowed to repatriate their currency holdings which shall be converted into Indian currency by the Nepal Rastra Bank.

10. His Majesty's Government of Nepal shall ensure expeditious grant of licences, permits and similar other authorisations necessary to enable the Project authorities, and their agents and contractors to execute the work relating to the Project.

11. HMG Nepal shall make necessary security arrangements for

326 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

the protection of the Project personnel, including contractors, their families and their personal belongings as well as the materials, equipment etc. at various sites in Nepal, including transit.

ARTICLE IV

The Government of India shall endeavour to complete the Project within about 5 years from the date of start of active construction of the Project. The Project shall be taken over by His Majesty's Government of Nepal within six months from the date of commissioning of the third unit of the power station. The date of commissioning shall be duly intimated to HMG Nepal.

ARTICLE V

The Indian Co-operation Mission, Kathmandu, shall provide the necessary liaison with HMG Nepal and inform HMG about the progress of work and the expenditure incurred every quarter.

ARTICLE VI

For the purpose of reviewing the progress of the Project and removing bottlenecks, if any, there shall be a Review Committee consisting of one representative each of the participating Governments, the Director, Indian Co-operation Mission, and the Chief Project executive who shall be the Member-Secretary of the Committee.

The Government of India will consider for appointment in posts that may be intimated to HMG, personnel deputed by HMG Nepal provided such personnel have adequate qualifications, training and experience. The Government of India also agree to provide at the cost of HMG training facilities for technical personnel of HMG assigned by that Government for the purpose.

ARTICLE VII

When any goods, materials, or items of equipment, machinery, transport vehicles, etc. purchased by the Project are not required for the Project, the Government of India shall be allowed to bring them back to India or dispose them of in Nepal without let or hindrance, and HMG Nepal shall exempt all such goods, materials, equipment, machinery, transport vehicles, etc. from payment of all duties, taxes, cesses and levies of any kind. If HMG wants to have any of such articles for its use, it may be transferred to them on mutually agreed terms. The sale proceeds or the depreciated value of such articles which have been either disposed of by the Project or transferred to HMG Nepal shall be credited to the Project account.

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ARTICLE VIII

In the event of any legal action arising from activities undertaken in pursuance of this Project, HMG Nepal shall assume full responsibility for the defence of any action in Nepal, and ensure immunity from garnishment or any other legal process or title to all contributions made for or property and benefits derived from the execution of the Project.

ARTICLE IX

Any expenditure incurred by the Government of India before the signing of this Agreement in pursuance of the implementation of the Project shall be debited to the overall grant under this Agreement.

In witness whereof, we the undersigned being duly authorised by our respective Governments have signed the Agreement.

Done at Kathmandu this 8th day of June, one thousand nine hundred and seventy eight, in duplicate, each in the Nepali, Hindi and English languages, provided that in case of doubt the English text shall prevail.

FOR HIS MAJESTY'S GOVERNMENT OF NEPAL

(DEVENDRA RAJ PANDAY)
ACTING SECRETARY
MINISTRY OF FINANCE

FOR THE GOVERNMENT OF INDIA

(N. B. MENON)
AMBASSADOR OF INDIA IN NEPAL
and ON BEHALF OF THE PRESIDENT OF INDIA

आज्ञाले–
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको उप-सचिव

32C

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।